Page No.:
Date:

## बैठक सङ्ख्या -२.

आज मिति २०८१ साल भदौ ४ गतेका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रविप्रकाश राईको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकले तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

**तपशिल:**

१. गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई
२. गाउँपालिका उपाध्यक्ष श्री विदिका राई
३. १ नम्बर वडा अध्यक्ष श्री हेमन्त राई
४. २ नम्बर वडा अध्यक्ष श्री मिलेन्द्र कुमार राई
५. ३ नम्बर वडा अध्यक्ष श्री गोविन्द तामाङ
६. ४ नम्बर वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल
७. ५ नम्बर वडा अध्यक्ष श्री जीवन खत्री ढ्यौपाने
८. कार्यपालिका सदस्य श्री मनकुमारी राई
९. —"— —"— श्री सुजना वि.क.
१० —"— —"— श्री भगवती वि.क.
११ —"— —"— श्री सार्मिला कटेल
१२. —"— —"— श्री दिपक सुनार
१३. —"— —"— श्री नर बहादुर कामी
१४. सदस्य सचिव श्री महेश राई

**आमन्त्रित सदस्यहरु:-**

१. MIS operator श्री डिल्लीमान राई
२. कार्यालय सहयोगी श्री राजन खड्का

**प्रस्ताव तथा कार्यसूचीहरु:-**

१. वडा नम्बर ४ को कार्यवाहक वडाध्यक्षको जिम्मेवारीको म्याद थप सम्बन्धमा ।
२. साकेला गाउँपालिकाको आ.व. २०८१/०८२ को दररेट निर्धारण सम्बन्धमा । ३. सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने सम्बन्धमा
४. विविध सम्बन्धमा ।

Page No. :
Date :

## निर्णयहरु :-

प्रस्ताव नम्बर १ माथी छलफल गर्दा यस साकेला गाउँपालिकाको वडा नम्बर ४ मा लामो समयदेखी वडाका वडाध्यक्ष श्री अर्जुन कुमार करवाल वडाभन्दा बाहिर जानुभएको र निज वडा अध्यक्षको अनुपस्थितिमा वडाबाट कार्यसम्पादन गर्नुपर्ने विभिन्न प्रकारका सार्वजनिक सेवा प्रवाह, विकास निर्माण लगायत वडाबाट निर्माण गर्नुपर्ने नीति निर्माण कार्यमा समेत समस्या आई सेवाग्राहीले दुःख पाईरहेको र नीज वडाअध्यक्षको अनुपस्थितिमा कानून बमोजिम सेवा प्रवाहलाई निरन्तरता दिनको लागि मिति २०८१ साल साउन १८ गतेको कार्यपालिका बैठकले २०८१/०४/१८ गतेदेखी लागू हुनेगरी मिति २०८१/४/३२ गते सम्मको लागि जेष्ठ वडा सदस्य श्री भीमबहादुर खड्कालाई कार्यवाहक वडाअध्यक्षको जिम्मेवारी प्रदान गर्ने निर्णय भएकोमा उक्त म्याद समेत सकिएको हुँदा पुन २०८१/०५/०५ गतेदेखी २०८१/०५/२० गते सम्मको लागि सो वडाका जेष्ठ वडा सदस्य भीमबहादुर खड्कालाई कार्यवाहक वडाअध्यक्ष तोक्ने निर्णय सर्वसहमतले पारित गरियो ।

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ कोलागि तपशिल बमोजिमको सडक निर्माण र भवन निर्माणको लागि आवश्यक पर्ने सामाग्रीहरुको दररेट तपशिल बमोजिम कायम हुने गरी दररेट कायम गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

तपशिल :-

Sakela Rural Municipality
Office of Rural Municipal Executive
Manebhangyang,Mattim, Khotang
Koshi Province ,Nepal

# RATE ANALYSIS WITH DETAILS FOR ROAD WORK

## FOR

## F.Y. 2081-82

# VOLUME -II

**Prepared By:- Engineering Department, Office of Sakela Rural Municipality, Khotang**

**August ,2024**

प्रस्ताव नम्बर ३ माथी छलफल गर्दा सबै प्रकारका सामाजिक सुरक्षा भत्ता चालु आ.व. २०८१/०८२ मा नवीकरण गरी MIS प्रणालीद्वारा अद्यावधिक गरी भत्ता प्रदान गर्ने उद्देश्यका साथ लाभग्राहीहरुलाई समयमै नवीकरणमा सहभागी गराउने उद्देश्यका साथ विभिन्न सञ्चारका माध्यमहरु (पत्रिका/अनलाइन) मार्फत विज्ञापन प्रकाशन गर्ने र वडो महत्त्व भित्र वडा तथा टोल स्तरमा शिविर सञ्चालन गरी MIS प्रणाली मार्फत नवीकरण गर्ने र सो को आर्थिक व्ययभार गाउँपालिकाले गर्ने निर्णय सर्वसहमतीले पारित गरियो।

प्रस्ताव नम्बर ४ को विविध माथी छलफल गर्दा तत्काल निर्णय गर्नुपर्ने अन्य विषय केही नभएकाले गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राईबाट आजको बैठक यहीं समापन गर्ने निर्णय गरियो।